जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ४ | अंक ५ | २०८१ साल भदौ ०२ गते आईतवार | Sunday-18-August-2024 | पृष्ठ संख्या-8 | मूल्य रु. ५/-

## बेनौलीमा अन्तराष्ट्रिय स्तरको दन्त अस्पताल, नगर प्रमुख सिंहले गरे सेवाको उद्घाटन



*बारा, ०१ भदौ*
उनी बाराको पचरौता नगरपालिकाका नगर प्रमुख हुन्। उनले शुक्रबार एक कार्यक्रमवीच पचरौता ७ बेनौलीमा अर्न्तराष्ट्रिय स्तरको दन्त अस्पताल तथा फिजियोथेरापी सेवाको उद्घाटन गरेका हुन्। उनी
नगर प्रमुख जलन्धर सिंह हुन्। एक समारोहका बीच उद्घाटन गर्दै दन्त तथा फिजीयोथेरेपी सेवा सुरु भएसँगै महँगो शूल्क तिरेर कलैया,वीरगञ्ज,मोतिहारी जाने समस्याबाट अब पचरौता बासीले छुट्कारा पाउने विश्वास व्यक्त गरेका हुन्।

अस्पतालमा आधुनिक तथा गुणस्तरीय मेसिन र अन्तराष्ट्रिय स्तरको तालिम र ख्याती प्राप्त विशेषज्ञबाट दन्त तथा फिजियोथेरेपी सेवा प्रदान गराइने उनले बताए।

नगर प्रमुख सिंहले पचरौता नगरबासीहरुको माग अनुसार सेवा सञ्चालनमा ल्याइएको बताउँदै भने, 'यहाँ दिनहु दन्त तथा फिजियोथेरेपी सेवाको माग गर्दै स्थानीयहरु आउनुहुन्थ्यो।

पचरौता लगायत आसपासका ग्रामीण क्षेत्रका जनतालाई सहज रुपले दन्त सेवा प्रदान गर्ने उद्देश्यका साथ डेण्टल हॉस्पिटल तथा फिजियोथेरापी सेवाको शुभारम्भ गरिएको उनले बताए।

शुभारम्भको अवसरमा निःशुल्क दन्त परीक्षण तथा फिजियोथेरापी सेवा स्थानीयहरुलाई प्रदान गरिएको पनि नगर प्रमुख सिंहले जानकारी दिदैं डेण्टल तथा फिजियोथेरापी सेवामा पचरौताका जनतालाई सहज र शुलभ दरमा गुणस्तरीय सेवा प्रदान गर्ने दाबी गरे। यसैगरी पालिका भित्रका जेष्ट नागरिकहरुलाई यो सेवा निःशुल्क प्रदान गरिने उनले बताए।

उल्लेखनीय संख्यामा उपस्थित भएका स्थानीय नगरबासिलाई सम्बोधन गर्दै मेयर सिंहले अगामी दिनमा पनि जनताको हकहितका लागि सुविधा सम्पन्न अस्पताल निर्माण,सिचाईको लागि जमुनी नदीको कच्ची बाँध निर्माण,सामुहिक विवाहको आयोजन,स्वच्छ खानेपानी,शिक्षामा गुणस्तर,लैङ्गीक बिभेदिकरणमा सुधार जस्ता कार्यक्रमहरुलाई अगाडि बढ़ाइने प्रतिबद्धता व्यक्त गरे।

उक्त कार्यक्रममा नगर उपप्रमुख नसीमा खातुन,प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे,जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक महेन्द्र खडका,संबिधान सभा सदस्य तथा नेकपा एमालेका केन्द्रीय सदस्य बलबीर चौधरी,वडा नम्बर ६ का वडा अध्यक्ष मकबूल मियाँ अंसारी,८ का वडा अध्यक्ष प्रेमकुमार चौधरी,९ का वडा अध्यक्ष गगनदेव प्रसाद यादव, सुरेश यादव लगायतले आ आफ्ना मन्तब्य राखेका थिए।

प्रमुख प्रशासकीय अधिकृत गौरी साहको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमलाई वडा नम्बर ५ का वडा अध्यक्ष लक्ष्मी यादवले सञ्चालन गरेका थिए।

कार्यक्रममा नेकपा एमाले बाराका उपाध्यक्ष भुलन चौधरी,वडा नम्बर ७ का वडा अध्यक्ष बनारसी बिन,वडा सदसयहरु,शिक्षा शाखा प्रमुख पण्डित त्रिपाठी,शिक्षा सहायक मुकेशकुमार सिंह, पिपरपाती माविका प्रअ रामानन्द साह,कुड़वा माविका प्रअ सबिन्द्र सहनी,रोशन यादव,भैयाराम सहनी,नेवाजी मियाँ अंसारी,गयासुदीन अंसारी,इंताज अंसारी,अजय चौद्यरी,जंगबहादुर यादव, अच्छेलाल यादव,सोनालाल मुखिया,बिभिन्न शाखाका प्रमुखहरु,सुरक्षाकर्मी,नगर प्रहरी,पत्रकार लगायत स्थानीयहरुको बाक्लो उपस्थिति रहेको थियो।

## सत्य घटनामा आधारित फिल्म 'नमेटिने घाउ' भदौ ७ गतेबाट प्रदर्शन हुने




*वीरगंज, ०१ भदौ*
तेजाव पीडितहरूको कथामा आधारित फिल्म 'नमेटिने घाउ' यही भदौ ७ गतेबाट प्रदर्शन हुने भएको छ। सत्य घटना आधारित यो फिल्म वीरगंज सहित देशभरका सिनेमा हलमा एकसाथ रिलिज हुने फिल्मका निर्देशक रमित ढुंगानाले जानकारी दिए।

फिल्म निर्माण पक्षले शनिबार वीरगंजमा पत्रकार सम्मेलनको आयोजना गरि वीरगंजको क्युएफएक्स सहितका हलहरुमा प्रदर्शन हुने निर्देशक ढुंगानाले वताए। उनले वीरगंजको एसिड पिडित मुस्कान खातुन सहितका ३३ जना एसिडि पिडितको कथामा फिल्ममा समेटिएको वताए। फिल्ममा प्रधानमन्त्री केपी शर्मा ओली, पुर्व प्रधानमन्त्री माधव कुमार नेपाल, प्रहरी उपरीक्षकद्धय बाल नर्सिह राणा र कुमुद ढुंगेल, प्रहरी निरिक्षक जेआर शर्मा, राप्रपा नेता ज्ञानेन्द्र शाहीको समेत अभिनय रहेको छ। एसिड सर्भाइभरहरुको बास्तविक जीवनीमा आधारित यो चलचित्र एसिड आक्रमणमा परेका ३३ जना पीडितहरुको कथालाई समेटेर निर्माण गरिएको छ।

अभिनेता रमित ढुङ्गानाले निर्देशन तथा निर्माण गरेको यो चलचित्रमा शिवम् अधिकारीको कथा र पटकथा छ। चलचित्रमा निरज कंडेलको छायांकन ,बनिश शाहको सम्पादन, ओम सुनारको संगीत र किरण ढकालको एक्शन रहेको छ।

रमित ढुंगाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल ,इभा गिरी, कमल देबकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाई, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, बिशाल देबकोटा, आरजु अधिकारी, आरजु लेखक लगायतको अभिनय रहेको छ। चलचित्रमा सुरवीर पण्डित, सुनील कटुवाल पुराना अनुहार रहने छ भने मुख्य भूमिकामा अधिकांश नयाँ अनुहारहरुको अभिनय रहेको छ।

## जीतपुरसिमराका ७ जना जनप्रतिनिधिलाई प्रशासनले सोध्यो स्पष्टिकरण




*बारा, ०१ भदौ*
बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको १० औं नगर सभामा तोडफोड गरेको आरोपमा ७ जना जनप्रतिनिधिलाई जिल्ला प्रशासन कार्यालय बाराले स्पष्टिकरण सोधेको छ।

जिल्ला प्रशासन कार्यालय बाराले जनप्रतिनिधिलाई पहिलो चरणमा स्पष्टिकरण सोधेको छ। असार १० गते प्राईम पार्टी प्यालेस ( पुरानो शिवपार्वती हल) जीतपुरमा भएको नगर सभाको तेस्रो बैठक सञ्चालनको क्रममा केही जन प्रतिनिधिले टेबल,कुसी,माईक लगायतको सामग्री तोडफोड गरी क्षती पुऱ्याएको भन्दै प्रशासनले स्पष्टिकारण सोधेको हो।

तोडफोडबारे उपमहानगरले जिल्ला प्रशासन कार्यालयलाई पत्रचार गरेको थियो। पत्र र भिडियो क्लिप्स (फुटेज) को अध्ययनपछि कार्यविधि अनुसार सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई नेतृत्वको समितिले अनुसन्धान र कारबाही अघि बढाएको हो।

जिल्ला प्रशासन कार्यालय बाराले ७ जना वडा अध्यक्ष र दुई जना वडा सदस्यलाई पत्र काटेको छ। पत्र काटिनेमा वडा नं. २ का वडा अध्यक्ष धन बहादुर श्रेष्ठ,वडा नं. ६ का वडा अध्यक्ष कैमुदिन अंसारी,वडा नं. ७ की वडा सदस्य सीता उप्रेती,वडा नं. ८ का वडा अध्यक्ष शिवशंकर प्रसाद कोइरी,वडा नं. ८ का वडा सदस्य गंगा राउत कुर्मी,वडा नं. १४ की वडा अध्यक्ष चयन गुरूङ्ग,वडा नं. १६ का वडा अध्यक्ष हरिदेव खरेल,वडा नं. १७ का वडा अध्यक्ष भिम बहादुर गंङतान,वडा नं. २१ का वडा अध्यक्ष सुबास श्रेष्ठ रहेको बिश्वसनीय स्रोतले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय बाराले सार्वजनिक प्रदर्शन, हड्ताल तथा विरोध कार्यक्रमबाट हुने क्षति मूल्याङ्गन सम्बन्धी कार्यविधि,२०८१ को परिच्छेद ६ को दफा ११ बमोजिम क्षतिपूर्ती भराउने विषयमा स्पष्टिकरण पत्र काटेको छ।

क्षतिको विगो असुल गराउनु पर्ने हो/होइन ? सो बमोजिम विगो असुल गराउन नपर्ने भएमो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र सो को जवाफ पेश गर्न हुन निर्देशन दिएको छ।

स्पष्टिकरण पेश गर्न लेखिएको पत्रमा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए वा प्राप्त पत्र जवाफ तथ्यपरक र सन्तोषजनक नदेखिएमा विगो असुल गर्नेतर्फ कारबाही भईजाने व्यहोरा सूचित गरिएको उल्लेख छ।

प्रशासन कार्यालयले मिति २०८१।०४।३० गतेको मितिमा स्पष्टिकरण सोधेको स्रोतले बताएको छ। तर यसवारे केही जनप्रतिनिधहरुसंग प्रतिक्रिया लिदा अनविज्ञता प्रकट गरेका छन।

## प्रतीक दैनिकको वार्षिकोत्सवमा पत्रकार गुप्ता, चौरसिया सहित चार जना पुरस्कृत



*वीरगंज, ०१ भदौ*
वीरगंजबाट प्रकाशित हुने प्रतीक दैनिकले शनिबार आफ्नो ३७ औं वार्षिकोत्सव भव्य रूपमा मनाएको छ। पत्रिकाले ३७ बर्ष पुरा गरि ३८ औं बर्षमा प्रबेश गरेको अवसरमा विभिन्न पत्रकार र कर्मचारीहरूलाई सम्मान समेत गरेको छ।

वार्षिकोत्सवको अवसरमा प्रत्येक वर्ष प्रदान गरिँदै आएको सुबोध स्मृति पत्रकारिता पुरस्कार यस पटक पर्सा जिल्लाकी महिला पत्रकार विमला गुप्तालाई प्रदान गरिएको छ। उनलाई वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले रु ५१ हजार नगद राशिको साथमा दोसल्ला ओढाएर र प्रमाणपत्र प्रदान गरी सम्मान गरेका हुन्।

समारोहमा प्रतीक दैनिककै ग्रामिण संवाददाता धर्मेन्द्र चौरसियालाई उत्कृष्ट संवाददाताको रूपमा रु १५ हजार राशीबाट पुरस्कृत गरिएको हो। साथै, स्तम्भकार कुमार रूपाखेती रु १० हजार र प्रतीक दैनिकका कर्मचारी महमद तबरेज हवारी रु ५ हजार राशीसहित पुरस्कृत भएको प्रतिक दैनिकका सम्पादक शत्रुधन नेपालले वताए।

प्रतिक दैनिकका प्रधान सम्पादक जगदिश शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुवोध कुमार गुप्ता, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारी, ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद कोइराला, नेता तथा समाजसेवी श्याम पोखेल लगायतको उपस्थिती रहेको थियो।

वीरगंजको लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कमा भएको कार्यक्रमको संचालन प्रतिक दैनिक कै सम्पादक प्रताप श्रेष्ठले गरेका थिए।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - पचरौता नगरपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : मानिकचन्द साह |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय............

# ज्येष्ठ नागरिकलाई सास्ती नदेऊ

अपराधै गरे पनि ज्येष्ठ नागरिकलाई सजायमा छुट हुने कानुनी व्यवस्था नेपालमै छ। कैद फैसलै भए पनि जेलमा नराखी ज्येष्ठ नागरिकलाई स्याहार केन्द्रमा राख्नुपर्छ। तर निरपराध ज्येष्ठ नागरिकलाई राज्यले दिएका सास्ती अनेक छन्। समाजमा पनि उस्तै हन्डर र ठक्कर खानु परिरहेको छ। परिवारमा पनि उस्तै सास्ती। त्यसैले त ज्येष्ठ नागरिकहरूको बास आ श्रमहरूमा हुन थालेको छ, जुन नेपाली समाजको विशेषता वा सौन्दर्य होइन। सबै नागरिक परिवारमै बस्न पाउनुपर्छ, बस्ने वातावरण हुनुपर्छ। ज्येष्ठ हुनु भनेको केवल उमेरको अंक वृद्धिमात्रै होइन, अनुभवले परिपक्व हुनु हो। र ज्येष्ठ नागरिक भनेको उर्वर समय परिवार र समाज र देशका लागि खर्चिएको व्यक्ति हो। सामाजिक न्यायको सिद्धान्तलाई ख्याल गर्दै सरकारले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ, जुन संसारका थुप्रै देशमा अझै प्रचलनमा आइसकेको छैन। नेपाल त्यस मानेमा लोककल्याणकारी छ भनेर भन्न सकिन्छ। त्यसो त सरकारले विपन्न, अशक्त र असहाय अवस्थाका एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने र लोपोन्मुख जातिका नागरिकका लागि सरकारले सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ। यो हाम्रो देशको सुन्दर पक्ष हो। आर्थिक वर्ष २०८०/८१ सम्मको तथ्यांक हेर्दा देशभर ३८ लाख १८ हजार ३ सय ७१ जनाले सामाजिक सुरक्षा भत्ता पाउँछन्। सामाजिक सुरक्षा भत्ता लिन जिल्ला सदरमुकाम वा पालिका केन्द्र धाउनुपर्ने बाध्यता धेरैतिर छ। घण्टौंमात्रै होइन, दिनभर हिँडेर जाऊ र आउ गर्दा कतिपयले भत्ता बुझ्न जाँदा वा बुझेर फर्किंदा ज्यानै गुमाएका छन्। विवरणहरू अध्यावधिक गर्दाका वा हालैका दिनमा राष्ट्रिय परिचयपत्र अनिवार्य भनिदिएपछि औषधि र स्लाइनका बोतल झुन्ड्याउँदै पनि प्रशासन कार्यालयमा ज्येष्ठ नागरिकले उभिनुपर्‍यो। खासमा सामाजिक सुरक्षा भनेकै शारीरिक रूपमा पनि सशक्त नभएका व्यक्तिका लागि छ।

भनेपछि अपांगता भएका वा समाजमा पछि पारिएका दलित वा जोकसैलाई पनि सरकारले घरघरै पुगेर विवरण अध्यावधिक गर्ने र बैंकमार्फत भत्ता उपलब्ध गराउनुपर्ने हो। त्यो काम अरू कसैले होइन घरआँगनको सरकार भनिने स्थानीय तहले गर्नुपर्छ। चुनावका बेला घरघरै पुगेर भत्ता बाँड्ने नारा पनि लागेका हुन्। तर आज ज्येष्ठ नागरिक र भत्ता पाउनेहरूले भत्ताभन्दा ज्यादा सास्ती पाइरहेका छन्। जुन समाज र देशकै लागि पनि लज्जाको विषय हो। भत्ता दिइरहेको सुन्दरतामा कालो पोत्ने काम राज्यले नगरोस। ज्येष्ठ नागरिकले अपमान सहनुनपरोस। दु:ख र हन्डर खानु नपरोस।

# भाषाको भद्रगोलमा राज्यको रमिता !



*लेखनाथ भण्डारी*

नेपाली भाषाविद् बीच विगत आधा दशकदेखि भाषा प्रयोगको विषयमा विभिन्न विवाद थिए। यो विवादलाई २०६९ साउन २२ गते तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्माले पाठ्यक्रम विकास केन्द्रको प्रस्तावमा गरेको परम्परागत वर्णविन्यासका 'दीर्घ ई-ऊ हटाउने, श-ष हटाउने, संयुक्ताक्षरका खुट्टा काट्ने' लगायतको निर्णयले सत्तापक्ष र प्रतिपक्षको विषय बनाइदियो। शिक्षामन्त्रीको सो निर्णयलाई १२ वर्षपछि सर्वोच्च अदालतले २०८१ असार ९ गते बदर गरिदियो। अदालतले भाषा ऐन, नियम झैं संशोधन गर्न नमिल्ने, मानव विकासको क्रमसँगै भाषागत परिवर्तन स्वत: हुने र यो भाषाविद्हरूको अध्ययन, खोजको विषय भएकाले भाषाको मानक निर्माणमा राज्यले हात नहाल्नू भन्ने आदेश दिएको छ।

नेपालको संविधान २०७२ को धारा ६ बमोजिम 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्।' सरकारी कामकाजी भाषाको स्पष्टीकरण धारा ७(१) मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा' र ७(२) मा बहुसंख्यक जनताले बोल्ने एक वा बढी राष्ट्रभाषालाई कानुनबमोजिम प्रदेशले सरकारी भाषा निर्धारण गर्न सक्छ। भाषा आयोगका अनुसार नेपालमा बोलिने भाषा १ सय ३१ वटा सूचीकृत छन्।

सर्वोच्च अदालतको यो आदेशबाट यसका परम्परागत मानक र मर्यादाको पक्षका प्रयोगकर्ता खुसी छन्। यसको पृष्ठभूमिसँग जोडिएका अन्तर्य, स्वार्थ वा विद्वान्हरूका अहम् 'जुँगाको लडाइँ'का कथाहरूका साथै तत्कालीन शिक्षामन्त्रीलाई परम्परागत वर्णविन्यास परिवर्तन गर्न सिफारिस गर्ने विद्वान्का उद्देश्य र पर्दा पछाडिका हातहरूको भूमिका सतहमा आउन थालेका छन्। आशा छ, विद्वान्को यो 'लडाइँ'ले भाषाका प्रयोगकर्ताहरूमा अन्योल बढाउने होइन, स्पष्ट पथप्रदर्शन गर्नेछ।

अदालतको आदेशसँगै नेपाली भाषाको परम्परागत मानकमा आधारित शुद्धता, स्पष्टता, स्तरीयता र प्रमाणिकताका पक्षमा उभिनेहरूमा देखिएको खुसी, यो शब्दसँग तीनवटा श, ष, स, इ र ई सम्बन्धित छन्। सामान्यत: नेपाली भाषाको प्रयोगकर्ताको अलमल यस्तै हो र होइन पनि ! हिजोदेखिकै प्रश्न हो- राज्यका निकाय र तिनका प्रतिनिधिले प्रयोग गर्ने भाषाको मानक के हो ?

यहाँ राज्यका निकाय र तिनका प्रतिनिधिले प्रयोग गर्दै आएका भाषाको भद्रगोलका उदाहरणको चर्चा गरिएको छ।

भाषा अभिव्यक्ति र सूचना सम्प्रेषणको माध्यम हो। प्रविधिको विकास र सामाजिक सञ्जालको प्रयोगसँगै सूचना सम्प्रेषण र अभिव्यक्तिका माध्यमहरू बढेकाले सर्वसाधारणहरूमा पनि भाषाको ज्ञान हुनु आवश्यक छ। राज्यका निकायहरू र तिनका नेतृत्वले पनि सामाजिक सञ्जालबाट व्यक्तिगत विचार र संस्थागत नीतिहरू सार्वजनिक गर्न थालेका छन्। तर राज्यका निकायहरूमा रहेका व्यक्तिहरूबाट नेपाली भाषाको मानक र मर्यादाको ख्याल नगरिएका उदाहरण एकपछि अर्को सार्वजनिक हुने गरेका छन्। के उनीहरूबाट भाषाको मानकमा आधारित वर्णविन्यासको पालना गर्नु पर्दैन ? वर्णविन्यास फरक पर्दा सूचना सम्प्रेषणको सन्देश र अर्थमा फरक तथा अर्थको अनर्थ हुन्छ।

जनप्रतिनिधिका स्वकीय सचिवदेखि हरेक सरकारी कार्यालयका लागि आवश्यक एक पेज नेपाली भाषामा शुद्ध लेख्न सक्ने जनशक्ति हामीसँग नभएकै हो त ? हामीले खोजेको दक्ष जनशक्ति चैं कस्तो हो ?

राष्ट्रपति, प्रधानमन्त्री, राजनीतिक पार्टीहरूका नेता, अदालत, विश्वविद्यालय, अख्तियार, प्रहरी र अन्य निकायबाट नेपाली भाषाको माध्यमबाट सार्वजनिक भएका करिब एक सय सूचना, विज्ञप्ति आदिमा भएका भाषागत अशुद्धिहरूको अध्ययन हो यो। समयसमयमा सामाजिक सञ्जालहरूमा उठाइएका ती प्रश्न सम्बन्धित पक्षहरूबाट सच्याउनु सट्टा दोहोर्‍याएको देखिन्छ। यहाँ कृतिका थारूको 'टुइटर/फेसबुकमा' सार्वजनिक भएका प्रतिनिधि उदाहरणको चर्चा गरिएको छ।

प्रतिनिधिसभामा सबैभन्दा ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले) संसदीय दलका नेता शेरबहादुर देउवा र केपी शर्मा ओलीले राष्ट्रपतिलाई 'प्रधानमन्त्री नियुक्ति सम्बन्धमा' गत असार २८ गते बुझाएको पत्रमा व्याकरणका १८ अशुद्धि छन्। यसमा 'शेर बहादुर' लेखिएको छ तर जोडेर लेखिनु पर्थ्यो। यसभन्दा पहिले दुवै नेताले आआफ्ना पार्टीका तर्फबाट अलग-अलग सार्वजनिक गरेका वक्तव्यमा भएका गल्तीहरू यो संयुक्त विज्ञप्तिमा पनि दोहोरिएको हो। अध्यक्ष ओलीका नाममा २०७८ वैशाख २६ मा सार्वजनिक वक्तव्यमा २७ वटा र अध्यक्ष देउवाद्वारा २०७८ वैशाख १३ मा सार्वजनिक विज्ञप्तिमा ४९ वटा अशुद्ध हिज्जे प्रयोग भएको थियो। त्यसमा पनि पार्टी अध्यक्षकै नाममा 'शेरवहादुर' भएको थियो जबकि यहाँ 'ब' हुनुपर्थ्यो।

राजनीतिक नेतृत्वका तर्फबाट मात्र होइन, त्रिभुवन विश्वविद्यालयका वरिष्ठ पदाधिकारीबाट पनि यस्तै अशुद्ध प्रयोग गरेका विज्ञप्ति दोहोरिरहेका छन्। शिक्षाध्यक्षको कार्यालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले २०८० असार २० मा 'समकक्षता प्रमाणपत्र माग्दा आस्थाले खेपेको खप्की' शीर्षकमा पत्रपत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा सार्वजनिक खण्डनमा १९ अशुद्धि छन्। केन्द्रका अध्यक्ष प्रा. डा. पारसनाथ यादवको नाममा सार्वजनिक त्यस विज्ञप्तिमा 'पारस नाथ' र 'बिकास' गरिएको छ तर केन्द्रको 'लेटर हेड'मा विकास छ। काठमाडौं महानगरपालिकाका शिक्षा अधिकारी सीताराम कोइरालाका नाममा सार्वजनिक 'शुल्क प्रस्ताव पेश गर्ने बारे' २०८० असार ५ गतेको पाँच लाइनको विज्ञप्तिमा ११ वटा गल्ती छन्।

गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता 'नारायण प्रसाद' भट्टराईद्वारा २०८० कात्तिक १९ मा 'टिकटक'का सम्बन्धमा प्रकाशित विज्ञप्तिमा २० वटा हिज्जे अशुद्ध छन्। गृहकै मातहतको नेपाल प्रहरीका तर्फबाट सार्वजनिक हुने अधिकांश सूचनामा पनि शुद्धतामा ध्यान दिएको पाइँदैन। प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोले देउराली बचत तथा ऋण सहकारी संस्थाका निक्षेपकर्ताहरूको रकम हिनामिनाको विषयमा मिति उल्लेख नभएको ९-१० महिना पहिले सार्वजनिक गरेको ७ लाइनको सूचनामा २७ वटा व्याकरणका अशुद्धि छन्। प्रहरी प्रधान कार्यालयकै २०८१ वैशाख १३ मा 'भ्रमपूर्ण भिडियो सम्प्रेषण भएको सम्बन्धमा' सार्वजनिक विज्ञप्तिमा २१ वटा अशुद्ध हिज्जे दोहोरिएका छन्। भाषा आयोगका सचिव लक्ष्मीप्रसाद भट्टराईले शोध प्रस्तावका लागि सार्वजनिक गरेको च.नं. २७९ को सूचना मा १० हिज्जे अशुद्ध छन्। राष्ट्रिय दलित आयोगको तर्फबाट अध्यक्ष देवराज विश्वकर्माद्वारा २०७८ असार १० मा सार्वजनिक एक पेजको विज्ञप्तिमा १९ अशुद्धि छन्। सार्वजनिक हितका सूचना र सन्देश धेरै सार्वजनिक गर्ने र तिनको भाषामा भएको अशुद्धिबारे पटकपटक प्रश्न उठ्ता पनि सुधार नगर्ने दुईजना सरकारी अधिकारीहरू हुन्- डा. जागेश्वर गौतम र डा. समीरकुमार अधिकारी। उनीहरूले स्वास्थ्य मन्त्रालयका प्रवक्ताका रूपमा सार्वजनिक गरेका विज्ञप्तिको हिज्जेमा २५ प्रतिशतबराबर अशुद्ध हुने गरेको छ।

भाषाको मानक र मर्यादा ख्याल नगरी सूचनाहरू सार्वजनिक गर्ने राज्यका निकायहरूमा राष्ट्रपतिको कार्यालय, अदालत र अख्तियार दुरूपयोग अनुसन्धानका बारेमा पनि प्रश्न उठेका छन्। राष्ट्रपतिको कार्यालयका प्रेस संयोजक खिला कार्कीले २०८० वैशाख १९ मा सार्वजनिक गरेको ७ लाइनको प्रेस नोटमा ८ वटा हिज्जे अशुद्ध छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट २०८१ असार १९ मा अनुसन्धान अधिकृत 'गणेश प्रसाद' घिमिरेले ललितपुर महानगरपालिका प्रमुखलाई उपस्थित हुन लेखेको अत्यन्त-गोप्य पत्रमा १४ वटा अशुद्धि छन्।

उच्च अदालत पाटनको संयुक्त इजलासबाट माननीय न्यायाधीशद्वय ध्रुवराज चन्द र प्रकाश खरेल (इजलास नं. १०) बाट गत असार ३० मा भएको काठमाडौं महानगरपालिका निवेदक र सडक डिभिजन कार्यालय काठमाडौं विपक्षी रहेको मुद्दाको २ पेजको आदेशमा ३५ वटा व्याकरणका त्रुटि छन्। सार्वजनिक सूचनाहरूमा अशुद्ध व्याकरण भएका उदाहरणमा पूर्वसभामुख दमननाथ ढुंगाना, नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य आरज राणा देउवा (परराष्ट्र मन्त्री), सांसद ज्ञानेन्द्र शाही, मेयर बालेन शाह, पत्रकार विजयकुमार पाण्डे, कानुनविद् भीमार्जुन आचार्य, नेपाल पत्रकार महासंघ, रुटिन अफ नेपाल बन्द आदिको सामाजिक सञ्जालका बारेमा प्रश्न उठेको देखिन्छ।

प्रश्न नेपाल बाहिरका नेपाली समुदाय र कूटनीतिक नियोगहरूको भाषाको प्रयोगमा पनि छ। केही दिन पहिले (अगस्ट ६ सन् २०२४) मा नेपाली राजदूतावास लन्डनले नेपाली र अंग्रेजी भाषामा १ पेजमा बेलायतका विभिन्न सहरमा भएका प्रदर्शनमा नेपाली नागरिकलाई सतर्कता अपनाउन गरेको सूचनाको नेपाली भाषामा मात्र ११ वटा अशुद्धि छन्। पत्रपत्रिकालगायतका सञ्चारमाध्यममा भएका नेपाली भाषाको अशुद्धिका बारेमा यहाँ चर्चा नगरे पनि 'मम' भने पर्याप्त हुन्छ।

संविधानत: राज्यको कामकाजको भाषाको प्रयोग गर्दा राज्यका सबै निकाय र नेतृत्वमा जुन गम्भीरता देखिनुपर्ने हो, माथिको दृष्टान्तले त्यो देखाउँदैन। यो राज्यका निकायहरूको लापरबाही तथा संविधानको अपमान हो। भाषा अशुद्ध प्रयोग हुँदा सही सूचना र सन्देश दिँदैन। हामी अंग्रेजी भाषाको प्रयोग गर्दा सचेत छौं तर राष्ट्रिय भाषा प्रयोग गर्दा लापरबाही गर्छौं किन ?

हामी शिक्षाको गुणस्तरको वा दक्ष जनशक्तिको अभावको चिन्ता गरिरहेका छौं। तर के हो त दक्ष जनशक्तिको परिभाषा ? राज्यका सबै संवैधानिक निकाय, निर्वाचित सबै तहका जनप्रतिनिधिका स्वकीय सचिवदेखि हरेक सरकारी कार्यालयका लागि आवश्यक १ पेज नेपाली भाषामा शुद्ध लेख्न सक्ने जनशक्ति हामीसँग नभएकै हो त ? हामीले खोजेको दक्ष जनशक्ति चैं कस्तो हो ? नेपाली भाषामा शुद्ध लेख्न सक्ने व्यक्तिलाई सम्बन्धित सबै व्यक्ति र निकायले अवसर दिने हो भने तत्काल धेरैले रोजगारी पाउने थिए। 'नजाने गाउँको बाटो र नमागेको सल्लाह' भए पनि यो खासकुरो काम लागे नेपाल र नेपालीका लागि सुनमा सगन्ध हनेछ !


**महागढीमाई नगरपालिका बरियारपुर बाराको जनहितमा जारी सन्देश**

**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं।
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं।
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं।
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं।
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं।
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं।
- पारिवारका सदस्यबीच मीठो र मधुर बोलौं।
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

**सुवर्ण गाउँपालिका, कवहिजब्दी बाराद्वारा जनहितमा जारी**

- सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं। नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं।
- वातावरण हामी सबैका साझा सम्पत्ती हो। जथाभाबि फोहर नफालौ र आफ्ना क्षेत्र सफा राख्नमा सहयोग गरौ।
- लैगिंक हिंसा सामाजिक अपराध हो। हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं।
- समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई सराई लगायतका घटना दर्ताहरु समयमै गरौं।


॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो। राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ। - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# युद्धविराम सम्झौताका लागि प्रयास जारी : हमास



*वादी अल-काफुर* - अमेरिकी राष्ट्रपति जो बाइडेनले कतारको खाडी क्षेत्रमा भएको वार्तापछि गाजामा युद्ध रोक्न 'युद्धविराम' सम्झौता नजिक पुगेको भन्ने खबरलाई शनिबार हमासका वरिष्ठ नेता सामी अबु जुहरीले खण्डन गर्दै यसका लागि प्रयासहरू जारी रहेको बताएका छन् । हमासका राजनीतिक विभागका सदस्य जुहरीले एएफपीसँग भने, "हामी सम्झौताको नजिक पुगेका छौं भन्नु भ्रम हो । हामी कुनै सम्झौता वा वास्तविक वार्ताको सामना गरिरहेका छैनौं, बरु अमेरिकी आदेशको सामना गरिरहेका छौँ ।"

बाइडेनद्वारा शुक्रबार सार्वजनिक टिप्पणीको जवाफमा उनले भने, "हामी पहिलेभन्दा धेरै नजिक छौं ।"

इजरायल र प्यालेस्टिनी हमास लडाकूबीचको मतभेद कम गर्न वासिङ्टनले कतारमा दुई दिनसम्म चलेको वार्तापछि बाइडेनले उक्त कुरा बताए । गाजा पट्टीमा दुई पक्षबीच १० महिनाभन्दा बढी समयदेखि युद्ध चलिरहेको छ । महिनौंसम्म चलेको युद्धविराम वार्ताको क्रममा विगतमा सिर्जना भएका आशाहरू अहिलेसम्म निरर्थक साबित भएका छन् । लेबनानको इरान समर्थित हेजबुल्लाह आन्दोलनका प्रमुख फुआद शुकर र हमासका राजनीतिक प्रमुख इस्माइल हनियाहको जुलाईको अन्त्यमा भएको हत्यापछि यो खतरा अझै बढेको छ । उनीहरूको मृत्युपछि हेजबुल्लाह, इरान र यस क्षेत्रका तेहरान समर्थित अन्य समूहहरूबाट प्रतिशोधको चेतावनी जारी गर्दै यस आक्रमणका लागि इजरायललाई दोषी ठहराइएको छ ।

पश्चिमा र अरब कूटनीतिज्ञहरू गाजा सम्झौताका लागि दबाब दिन र व्यापक द्वन्द्व टार्नका लागि मध्यपूर्वमा छलफल गरिरहेका छन् । छलफलले व्यापक क्षेत्रीय द्वन्द्व टार्न मद्दत गर्ने उनीहरूको भनाइ छ । अमेरिकी बाइडेन सरकारका विदेशमन्त्री एन्टोनी ब्लिन्केन सम्झौतालाई अन्तिम रूप दिन शनिबार इजरायल जाने कार्यक्रम छ ।

# लेबनानमा इजरायली आक्रमण, १० जनाको मृत्यु



बेरुत - दक्षिणी लेबनानमा भएको इजरायली हवाई आक्रमणमा परी १० सिरियालीको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले शनिबार जनाएको छ । गत अक्टोबरमा गाजा पट्टीमा युद्ध सुरु भएपछि हेजबुल्लाह र इजरायली सेनाबीच सीमाक्षेत्रमा दैनिक जसो गोली हानाहान हुन थालेपछि दक्षिणी लेबनानको नाबातिहको वादी अल-काफुर क्षेत्रमा भएको आक्रमणबाट मृत्यु हुनेको सङ्ख्या अहिलेसम्मको सबैभन्दा ठूलो हो ।

अन्तर्राष्ट्रिय मध्यस्थताकर्ताहरूले इजरायल र प्यालेस्टिनी हमास लडाकूहरूबीच गाजा युद्धविराममा पुग्ने प्रयास गरिरहेका छन् । वार्ताले युद्ध रोक्नका लागि मद्दत गर्ने विश्वास कूटनीतिज्ञहरूले लिएका छन् ।

लेबनानको स्वास्थ्य मन्त्रालयले आक्रमणको पुष्टि गरेको छ । अधिकारीहरूका अनुसार मृत्यु हुनेमा सिरियाली शरणार्थी तथा श्रमिकहरू रहेका छन् ।

लेबनानको सरकारी राष्ट्रिय सञ्चारमाध्यमले पनि लिवियाली अधिकारीलाई उद्धत गर्दै मृत्यु हुनेमा सिरियाली शरणार्थी र कामदार रहेको उल्लेख गरेको छ ।

इजरायली सेनाले आफ्नो टेलिग्राम च्यानलमार्फत दिएको जानकारी अनुसार लेबनानको हेजबुल्लाहको हतियार भण्डारण केन्द्रमा रातभर आक्रमण गरिएको र उक्त क्षेत्र इजरायलबाट करिब १२ किलोमिटर टाढा रहेको नाबातिह क्षेत्रमा रहेको छ । वादी अल-काफुरमा भएको मृत्युपछि हेज्बुल्लाहले उत्तरी इजरायलको आयलेट हा(शहरका समुदायमाथि कात्युशा रकेट प्रहार गरेको र करिब ५५ वटा रकेटको आक्रमणमा कोही पनि हताहत नभएको तर त्यसका कारण कतिपय स्थानमा आगलागी भएको इजरायली सेनाले जनाएको छ ।

# एक क्विन्टल ९२ किलो चरेश र तीस किलो गाँजा सहित एक जना पक्राऊ



*बारा, ०१ भदौ*

ठुलो परिमाणमा रहेको लागुऔषध चरेश र प्रतिबन्धित गाँजा सहित पर्सा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

चरेश र प्रतिबन्धित गाँजासहित कालिकामाई गाउँपालिका-१ मुडली बस्ने ४० वर्षीय फुलसरिफ मियाँलाई प्रहरीले पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले पटेर्वा सुगौली गाउँपालिका-४ अकवा टोलको बाँसघारीबाट मियाँलाई नियन्त्रणमा लिदा उनको साथबाट ३० किलो गाँजा बरामद भएको थियो ।

उनीसित सोधपुछ गर्दा सोही बाँसघारीमा खाल्डो खनेर बोरामा लुकाई राखिएको अवस्थामा एक क्विन्टल ९२ किलो चरेश र गाँजाको धुलो दुई क्विन्टल ६७ किलो समेत बरामद गरिएको पर्साका प्रहरी प्रवक्ता(डिएसपी) दिपक भारतीले साझेदारी दैनिकलाई जानकारी दिए ।

पक्राउ परेका मियाँलाई लागु औषध कसूरमा थप अनुसन्धान भईरहेको पर्सा प्रहरीले जानकारी दिएको छ ।


सडक किनारमा गाई, वस्तुको साथै घर पलुवा जनावर नबाधौ, नाद, खुट्टा आदी नराखौं ।

देवताल गाउँपालिका
पिप्राढीगोठ, बारा



सडक किनारमा गाई, वस्तुको साथै घर पलुवा जनावर नबाधौ, नाद, खुट्टा आदी नराखौं ।

प्रसौनी गाउँपालिका
प्रसौनी, बारा


# कमला नदीको पुल भासिएपछि स्थानीयलाई सास्ती

*जनकपुर, ०१ भदौ*

मधेशको जीवनरेखा भनेर चिनिएको हुलाकी सडकमा पर्ने कमला नदीको पुल भासिएको तीन वर्षभन्दा बढी समय भएको छ । पुल निर्माण सम्पन्न भएर उद्घाटन हुने अवस्थामा पुगेपछि पुल भासिएपछि स्थानीयको आशा निराशामा परिणत भएको छ ।

कमला नदीको वारी सिराहामा पूर्वतिर बस्ने बस्ती रहेका छ । पारी पश्चिम धनुषामा खेत रहेका किसानलाई बढी समस्या भएको छ । कमला पुलमा जोडिएको बासबाट आवत-जावत गरेर गाईबस्तुका लागि घाँस ल्याउने गरेको महिला-पुरुषले आफ्नो पीडा सुनाउने गर्नुभएको छ ।

सिराहा-६ बसबिटाका ५० वर्षीय धर्मकुमार यादव छोरा-बुहारीसहित कमला पुल भासिएको ठाउँमा बाँस जोडिएर बनाएको सिढीबाट भर्खरै ओर्लिएर बसेको बेला उहाँसँग जिज्ञासा राख्दा उहाँले भन्नुभयो, 'क्यामेरा लिएर पत्रकार पुलको तस्बिर लिन आइपुग्दा आशा जाग्छ ।

चार बिघा जमिन कमला नदीको पारी धनुषा कमला नगरपालिकामा पर्छ । बस्ने घर मात्र वारी सिराहा नगरपालिकामा छ । गाईबस्तुका लागि घाँस र खेतीपातीको कामका लागि पारी जानैपर्छ । खोलामा असारदेखि असोजसम्म बाढीको कारण तर्न सक्दैनौँ । यो पीडा रामकुमारी यादवको मात्र होइन, बसबिटा गाउँका अधिकांश



किसानको यही पीडा छ ।

धनुषाको कमला नगरपालिका-४ सगराहा स्थायी बसोबास भएको ५५ वर्षीय शत्रधन यादवले भन्नुभयो, "शनिबार बाहेक सिराहामा रहेको सहरी विकासमा मिस्त्रीको काम गर्न दिनहुँ साइकलसहित पुलमा जोडिएको बाँसको सिँढी चढेर ओर्लिने र झर्ने गर्दा कुनै दिन खुट्टा चिप्लियो भने ज्यान जान्छ ।'

धनुषा कमला नगरपालिका -१३ का ४० वर्षीय श्रीराम साहले आफू जोखिममा ज्यान राखेर व्यापार गरिरहेको बताउनुभयो ।

दिनहुँ सिराहा र धनुषा वारिपारि जाने बच्चादेखि बुढासम्मको पार गर्न बाँसको सिँढीमा चढेर कमला नदी वारपार गर्ने समस्या कहिले टर्ने उहाँले जिज्ञासा गर्नुभयो ।

चार सय ७० मिटर लामो ११ मिटर चौडाइ र साढे तीन वर्षभित्रै सम्पन्न गर्नेगरी २०६८ साल मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु विल्डर्स कन्स्ट्रक्सने ठेक्का लिएको थियो । पटक पटक म्याद थप्दा पनि पुल निर्माणको काम अघि बढेको छैन ।

काम सम्पन्न नभएपछि पप्पु कन्सट्रक्शनबाट ठेक्का तोडेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्ट्रकशनले सम्झौता गरेको थियो । २०७८ असार १३ गतेभित्र सम्पन्न गर्नेगरी भएको सम्झौताअनुसार काम अघि बढेको थियो । काम सम्पन्न भएर उद्घाटन गर्न तयारी भइरहेको अवस्थामा २०७८ असार १७ गते आएको बाढीले पुलमा असर गरेको थियो ।

पुल सञ्चालनमा नआउँदा सिराहाका स्थानीय मधेश प्रदेशको राजधानी जनकपुर आधा घण्टाको बाटो दुई घण्टा लगाएर जानुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ ।


**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**बारागढी गाउँपालिका, खोपवा, बारा**



**बालबालिकाकालाई समयमै बिद्यालय पठाऔं, उनीहरूको उज्जवल भविष्य बनाऔं ।**


# पर्यटकीय विकासमा मधेश सरकारको ध्यान: तेलहा पोखरीमा पानी फोहोरा र डिजिटल लाइटिङ्ग निर्माण

*जनकपुरधाम, ०१ भदौ*

जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्त्वको तेलहा पोखरीमा फाउन्टेन्स(पानी फोहोरा) सँगै डिजिटल लाइटिङ्ग तथा पोखरी डिलमा व्यवस्थित विश्राम स्थल विकसित गरिने भएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले शनिबार बिहान तेलहालगायत जानकी वरपरका सरोवर अवलोकनपछि जनकपुरधाममा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आध्यात्मिक आनन्द तथा मनोरम अनुभूतिका लागि पोखरीमा पानी फोहोरासँगै विभिन्न धार्मिक घटनामा आधारित सन्देश प्रवाहित हुने डिजिटल लाइटिङ्ग गर्न प्रदेश सरकारले पूर्वाधार तयार गर्न सहयोग गर्ने बताए ।

उनले धार्मिक नगरी जनकपुरधाममा पर्यटक आकर्षित गर्ने छनोटमा आधारित विकल्पहरू भए पर्यटकको बसाइअवधि लम्बिने तथा धार्मिक एवम् पुरातात्त्विक महत्वका धरोहरहरूको संरक्षण तथा संवर्द्धन हुने उल्लेख गरे ।

जानकी मन्दिरको उत्तरपट्टि रहेको अतिक्रमित तेलहा पोखरीको केही समयअघि उद्धार गरी पोखरीको चारै डिलमा पक्की घाटलगायतको संरचना निर्माण गरिएको थियो । मुख्यमन्त्री सिँहले तेलहा धार्मिक आख्यानमा आधारित पोखरीको सौन्दर्यीकरणका लागि स्थानीय तहसँग समन्वय गरिने पनि बताए ।

मुख्यमन्त्री सिँहले त्यसअघि आजै बिहान अङ्गराजसर (अरगजा पोखरी) को अवलोकन गरी पोखरीको दक्षिणी डिलमा वृक्षरोपण गर्न साथमै रहेका धनुषाका डिभिजनल वन अधिकृत(डिएफओ) बेचन चौधरीलाई निर्देशन



दिएका छन् । उनले छठ घाटका रूपमा प्रयोग गर्न असुविधा नहुनेगरी अरगजा पोखरीको डिलमा गुलमोहरको वृक्ष रोप्न डिफओ चौधरीलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिँहले पोखरीको दक्षिणी डिलमा पन्ध्र मिटरको दुरीमा लस्करै गुलमोहरको रूख रोपिए केही वर्षभित्र रूख र फुलको संयोगले पोखरी क्षेत्रको आकर्षण हवात्तै बढ्ने बताए । मुख्यमन्त्री सिँहको निर्देशनअनुसार डिएफओ चौधरीले वृक्षरोपणका लागि समन्वयसहितको काम आजै अघि बढाएका छन् । आइतबार साँझसम्म वृक्षरोपण सकिसक्ने डिएफओ चौधरीले बताए ।

मुख्यमन्त्री सिँहले अरगजा पोखरीमा पालन भएको माछालाई आहार पनि खुवाएका छन् । पोखरी दर्शनका लागि जानेहरूले त्यहाँ पालिएका माछालाई आहाराका रूपमा भुजा(मुरही) र सोयाबिन खुवाउने गरेका छन् । सोयाबिनले माछा मर्न थालेपछि भने केही समययता त्यसमा रोक लगाइएको छ ।

मुख्यमन्त्री सिँहले अरगजा पोखरी वरपर अतिक्रमित सडक तथा पेटी क्षेत्रलाई खाली गराउने विषयमा समेत चासो लिएका छन् । उनले अव्यवस्थित तवरले सञ्चालित टहरा र ठेलाका पसल तथा गाडी पार्किङ्गले धार्मिक क्षेत्रको सौन्दर्य बिगार्ने हुँदा पसल सञ्चालकका लागि वैकल्पिक उपाय गरी व्यवस्थापन गरिनुपर्ने बताए ।

मुख्यमन्त्रीसँगै रहेका जानकी मन्दिरका छोटे महन्थ रामरोशन दासले पचास वर्षभन्दा बढी समयदेखि पोखरी वरपर त्यस्ता पसल सञ्चालन भइरहेकाले वैकल्पिक व्यवस्था नहुँदासम्म खाली गराउन कठिन हुने बताए । उनले वैकल्पिक व्यवस्था कसले गरिदिने भन्नेबारे मुख्यमन्त्री सिँहलाई भने केही सुझाएनन् ।

मुख्यमन्त्री सिँहले जानकी मन्दिर परिसरमा शौचालय तथा खानेपानी व्यवस्थाको समेत अवलोकन गरेका छन् । उनले प्रदेश सरकारले विनियोजन गरेको शौचालयको बजेट जानकी मन्दिर परिसरमा शौचालय निर्माणमा खर्च गर्ने व्यवस्था मिलाउन प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.सोहन साहलाई निर्देशन दिए । मुख्यमन्त्री सिँहले मन्दिर पछाडि अधुरो अवस्थामा रहेको आवासीय संरचनालाई पूर्णता दिएर पर्यटक आवासगृह बनाउन सकिने बताए ।

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा**

☎ फोन नं.:9855036412, 9855048897
Email :pmamp.piu.bara@gmail.com
वेभसाइट:piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाईबारा**
**(कार्यक्षेत्र:बारा र पर्सा)**
सूचना नं. -३/२०८१/८२
**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।०५।०२**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई बाराको आ.व. २०८१।८२ को स्वीकृत बार्षिक तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यस कार्यालयमा सुचिकृत भएका सुपरजोन/जोन क्षेत्रका कृषक समूह /कृषि सहकारी /जल उपभोक्ता /कृषि फर्म /कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८१/०५/३१ गते) भित्र यस परियोजना कार्यान्वयन एकाई बारा वा प्राविधिक जोन एकाई पर्सामा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन् । थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई , बारा वा प्राविधिक जोन एकाई, पर्सामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल:

| क्र.स. | कार्यक्रम /क्रियाकलाप | इकाई | बार्षिक लक्ष्यपरिमाण | स्वीकृत बजेट रुलाखमा | कार्यक्रमअनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| माछा सुपरजोन बारा | | कलैया उ.म.न.पा., कोल्हवी न.पा., सिम्रौनगंढ न.पा., महागढीमाई न.पा., पचरौता न.पा., आर्दश कोतवालगा.पा., करैयामाई गा.पा., देवतालगा.पा., बारागढीगा.पा., सुवर्ण गा.पा., परवानीपुर गा.पा., प्रसौनीगा.पा., फेटागा.पा. र विश्रामपुर गा.पा. । | | | | |
| १ | माछाको सुकुटी बनाउने उधोगमा भटि निर्माण/मर्मतमा सहयोग | पटक | १ | ५. | ५०प्रतिशत सम्म अनुदान | |
| २ | हयाचरी सुद्रीढीकरण कार्यक्रम | वटा | २ | १०. | ५०प्रतिशत सम्म अनुदान | |
| ३ | पुरानो आइस प्लान्ट सुदिढीकरण कार्यक्रम | वटा | ४ | २८. | ५०प्रतिशत सम्म अनुदान | |
| ४ | पैलेटमेसिन र उत्पादन | वटा | १ | १५. | ५०प्रतिशत सम्म अनुदान | |
| तरकारी जोन बारा | | कलैयाउप.महा.न.पा., सिम्रौनगंढ न.पा.र आदर्शकोतवालगा.पा.। | | | | |
| ५ | तरकारीको क्षेत्रफल विस्तार | हेक्टर | २० | ४०. | ५०प्रतिशत सम्म अनुदान | |
| ६ | बजारीकरणको लागि ५० प्रतिशत अनुदानमा ई लोडर वितरण | वटा | ८ | १६. | ५०प्रतिशत सम्म अनुदान | |
| तरकारी जोन लागु भएका जिल्लाहरुमा व्यवसायिक प्याजप्रवर्धन कार्यक्रम | | कलैयाउप.महा.न.पा., सिम्रौनगंढ न.पा.र आदर्शकोतवालगा.पा.। | | | | |
| ७ | व्यवसायिक प्याज प्रवर्धनकार्यक्रम | पटक | ४ | १७. | ५०प्रतिशत सम्म अनुदान | |
| केरा जोन बारा | | निजगंढ न.पा. र जितपुरसिमरा उप.महा.न.पा. । | | | | |
| ८ | प्राविधिक शिक्षालयमा कृषि प्रविधि सिकाई तथा प्रदर्शन केन्द्रस्थापना | पटक | १ | ४.२५ | ५०प्रतिशत सम्म अनुदान | |
| ९ | केराको क्षेत्रफल विस्तार | हेक्टर | २० | ३०.६ | ५०प्रतिशत सम्म अनुदान | |
| १० | सहकारी संजाल माफत कृषि उपजको बजारीकरण सहयोग | संख्या | १ | १२. | ५०प्रतिशत सम्म अनुदान | |
| गाई/भैसी जोन बारा | | कलैया उ.म.न.पा., जितपुरसिमरा उ.म.न.पा., कोल्हवी न.पा., निजगंढ न.पा. र प्रसौनीगा.पा. । | | | | |
| ११ | चिलिङ्ग भ्याट स्थापना सहयोग | संख्या | १ | ४.५ | ५०प्रतिशत सम्म अनुदान | |
| धान जोन बारा र पर्सा | | बारा जिल्लाको सुवर्ण गा.पा. र देवतालगा.पा ।पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडानं १,२,३ र ४, सखुवाप्रसौनी गाँपालिकाको वडा नं १, २ र ३ , पटेर्वा सुगौलीगाँउपालिकाको वडा नं १ , २ र ३ ,४,५जीराभवानी गाँउपालिकाको वडा नं १,२,३,४ र ५ तथा ठोरी गाँउपालिकाको वडा नं २,३,४र ५ थपमा पर्सागढी नगरपालिका वडा नं ५६,७,८ र ९ . | | | | |
| १२ | धान बिज वृद्धि कार्यक्रममा अनुदान | हेक्टर | २५ | ११.२५ | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| १३ | ५० प्रतिशत अनुदानमा राइस ट्रान्सपलान्टर ट्रे समेत | संख्या | १ | १५. | ५०प्रतिशत सम्म अनुदान | |
| १४ | धानजोनमा छनौट भएका समुह /सहकारीलाई रोटा भेटर वितरण | संख्या | ६ | ६. | ५०प्रतिशत सम्म अनुदान | |
| १५ | समूह/सहकारीको साझेदारीमा बिउ भण्डारण गृह निर्माण ८५ प्रतिशतअनुदानमा | संख्या | १ | २. | ८५ प्रतिशत सम्म अनुदान | |
| १६ | धान मिल स्तरीकरण | संख्या | १ | १६. | ५०प्रतिशत सम्म अनुदान | |
| १७ | धान चिरा/भुजा मिल स्थापना र संचालन | संख्या | १ | २५. | ५०प्रतिशत सम्म अनुदान | |
| १८ | वीउ उत्पादन कार्यक्रम | हेक्टर | १०० | १७. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| १९ | मसिना धान प्रवर्धन कार्यक्रम | हेक्टर | ६० | ९.६ | ५०प्रतिशत सम्म अनुदान | |
| माछा जोन पर्सा | | पर्सा जिल्लाको धोबिनीगा.पा., पकाहा मैनपुर गा.पा., कालिकामाई गा.पा., विन्ध्यवासिनीगा.पा., छिपहरमाई गा.पा., पोखरिया न.पा., बिरगंज उ.म.न.पा.को वडा नं. २७ क्षेत्र । | | | | |
| २० | नयाँ पोखरी निर्माण | वटा | १५ | ४५. | अधिकतम प्रति कठ्ठा १० हजार सम्म | |
| सुपरजोन/ जोन बारा र पर्सा जिल्ला भरीबाट प्रस्तावपेश गर्न सकिने | | | | | | |
| २१ | कुलो निर्माण तथा मर्मत सम्भार | संख्या | २७ | ४०. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| २२ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८०. | ५०प्रतिशत सम्म अनुदान | |
| २३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १०० | १००. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| २४ | स्यालो टयूबेल बोरिङ्ग लगायतका (भुमिगत सिचाँई पुर्वाधार) | पटक | ६० | ४८. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| बारा र पर्सा जिल्ला भरीबाट प्रस्ताव पेश गर्नसकिने | | | | | | |
| २५ | चैते धान खेती विस्तार सहयोग | हेक्टर | १०० | ८५. | ५०प्रतिशत सम्म अनुदान | |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. रु१० को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदक फार्म ।
२. कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) ।
३. प्यान नम्बरको प्रतिलिपि ।
४. आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह/सहकारीसमितिको हकमा) ।
६. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. नयाँ मत्स्य पोखरी निर्माण गर्ने जग्गाको नक्सा र जग्गा धनी पुर्जाको प्रतिलिपि, एकासगोल परिवारको नातामा पर्नेको हकमा सक्कल मन्जुरनामा वा भाडाको जग्गाको हकमा कम्तीमा दश वर्षको सम्झौता पत्र पेश गर्नु पर्ने ।
८. सार्वजानिक निर्माण सँग सम्बन्धित कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा/जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा दश वर्षको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
९. टयाक्ट्रर एटेचमेन्ट माँग गर्नका लागि, सम्बन्धित कृषक समूह/सहकारी/निजी फर्मको नाममा दर्ता रहेको टयाक्ट्ररको ब्लुबुक (नविकरण भएको) प्रतिलिपि ।
१० स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि/पशु सेवा शाखाको सिफारिस पत्र ।
११ कार्यालयले माँग गरेको अन्य कागजातहरु कार्यालयको नियमानुसार हुनेछ ।

**नोट :समूह/सहकारीहरुले बढीमा ४ वटा कार्यक्रममा प्राथर्मिकता तोकेर फाराम भर्न पाउँनेछ ।त्यो भन्दा बढी कार्यक्रममा फाराम भरेमा स्वीकृत हुने छैन् । विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाई , कलैया, बारा तथा जोन प्राविधिक एकाई पर्सामा सम्पर्क राख्नु हुन अनुरोध छ । सम्पर्क नं : ९८५५०३६४१२, ९८५५०४८८९७, ९८५५०४६८३५**

.................................
**कार्यालय प्रमुख**

# मधेशी समुदायको परिभाषामा अन्योल, आरक्षणको कोटा दुरुपयोग हुने सम्भावना

*वीरगञ्ज, ०१ भदौ*

मधेशी समुदायको सर्वमान्य परिभाषा अभावका कारण आरक्षणको कोटा दुरुपयोग भइरहेको पाइएको छ । मधेशी आयोगले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनमा यो समस्यालाई उल्लेख गर्दै, तराई दलितको सामाजिक-आर्थिक विकासका कार्यक्रमहरूलाई केन्द्रीकृत गर्न सरकारलाई सुझाव दिएको छ।




आयोगको प्रतिवेदन अनुसार, तराईका ब्राह्मण क्षेत्रीको प्रौढ साक्षरता दर ८० प्रतिशत भए तापनि, तराई दलितको प्रौढ साक्षरता दर केवल २३.१ प्रतिशत रहेको छ ।

गरिबीको दृष्टिकोणले पनि तराई दलितको अवस्था कमजोर देखिएको छ, जहाँ उनीहरूको ३८.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ ।

संघीय र प्रदेश सरकारहरूले मधेशी समुदायलगायत अन्य समुदायका लागि आरक्षणको व्यवस्था गरे तापनि, मधेशी समुदायको स्पष्ट परिभाषा नभएकाले यसको दुरुपयोग हुने सम्भावना बढेको प्रतिवेदनले जनाएको छ।

आयोगले राज्यका निकायहरूमा मधेशी समुदायको प्रतिनिधित्वको तथ्याङ्क प्रस्तुत गर्दै, सेनामा २.९ प्रतिशत, सशस्त्र प्रहरीमा ७.९ प्रतिशत, र लोक सेवा आयोगमा ६ प्रतिशत मात्र मधेशी समुदायको प्रतिनिधित्व रहेको बताएको छ ।

मधेशी समुदायको सही परिभाषा र यथार्थ जनसंख्याको आँकडा निर्धारण गर्न राज्यले ठोस पहलकदमी गर्नुपर्ने आवश्यकता औंल्याउँदै, आयोगले मधेशी समुदायको सामाजिक, सांस्कृतिक, र आर्थिक अवस्थाको पहिचान गरी उनीहरूलाई मूलधारमा ल्याउन सुझाव दिएको छ।

# सिम्रौनगढमा नगर आँखा अस्पतालद्वारा निःशुल्क आँखा शिविर सम्पन्न

*बारा, ०१ भदौ*

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका वडा नम्बर ६ मा रहेको नगर आँखा अस्पतालद्वारा आयोजित निःशुल्क आँखा शिविर सफलतापूर्वक सम्पन्न भएको छ । बिहान १० बजेबाट सुरु भएको यस शिविरमा २५० जना आँखाका रोगीहरूले आफ्नो आँखा जाँच गराए र निःशुल्क औषधि प्राप्त गरे ।



शिविरमा सेवा प्रदान गर्ने आँखा विशेषज्ञ डा. दिलिप कुमार यादवले अहिलेको गर्मीको मौसममा मोतियाबिन्दु र आँखापाक्ने रोग बढी देखिएको बताएका छन् । भागवत यादव स्मृति प्रतिष्ठानले विगत तीन वर्षदेखि विभिन्न समय समयमा यस्ता शिविरहरू आयोजना गर्दै आइरहेको स्थानीय दिनेश प्रसाद गुप्ताले जानकारी दिए। शिविरमा बिरगंजबाट अन्नपूर्ण सुपर स्पेसलिस्ट क्लिनिकका मृगौलारोग विशेषज्ञ डा. अनुराग प्रसाद सिंह, स्त्रीरोग विशेषज्ञ डा. श्वेता सिंह, छातीरोग विशेषज्ञ डा. सुनिल कुमार पटेल लगायतका चिकित्सकहरूले सेवा प्रदान गरे। उनीहरूले शहरी क्षेत्रभन्दा बढी ग्रामीण क्षेत्रमा यी रोगहरूको प्रकोप देखिएको र ५० वर्षभन्दा बढी उमेरका व्यक्तिहरूलाई बढी असर गर्ने बताए ।

शिविरमा हाडजोर्नी विशेषज्ञ डा. सुरेन्द्र चौधरी सहितको टिमले पनि सिम्रौनगढका स्थानीय नागरिकहरूलाई सेवा प्रदान गरे। यस निःशुल्क शिविरले स्थानीय समुदायमा सकारात्मक प्रभाव पारेको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - प्रसौनी गाउँपालिका, बारा